अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२।०१।०५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	सुरेन्द्र बहादुर विष्ट, सन्तोष पाण्डेय, राजेन्द्र सिंह धामी, दिपक सिंह विष्ट, जनक राज जोशी, धनन्जय जोशी, जानकी बडू जोशी मुद्दा नं. ०८०-CR-०००४ फैसला मिति २०८०।११।२२	**गैरकानुनी लाभहानि हुने गरी भ्रष्टाचार गरेको**	**आयोगको माग दावी** **प्रतिवादी सुरेन्द्र बहादुर विष्टका हकमाः**भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिम झुठा बिल बनाई भुक्तानी दिने कसुर गरेको देखिदा निज प्रतिवादी सुरेन्द्र बहादुर विष्टलाई बढी भुक्तानी दिएको रु. २६,०२,५५६।११ (अक्षरेपी छब्बिस लाख दुई हजार पाँच सय छपन्न रुपैयाँ र पैसा एघार मात्र) सरकारी हानी नोक्सानीको बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी सोही दफा बमोजिम बिगो रकम असुल उपर हुन मागदाबी लिइएको। **प्रतिवादी सन्तोष पाण्डेयका हकमाः**भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिम झुठा बिल बनाई भुक्तानी दिने कसुर गरेको देखिदा निज प्रतिवादी सन्तोष पाण्डेयलाई आ.व. २०७४/७५ बढी भुक्तानी दिएको रु. ११,३०,२७२।६७ (अक्षरेपी एघार लाख तीस हजार दुई सय बहत्तर रुपैयाँ र पैसा सढसठी मात्र) सरकारी हानी नोक्सानीको बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९को दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी सोही दफा बमोजिम बिगो रकम असुल उपर हुन मागदाबी लिइएको । **प्रतिवादी राजेन्द्र सिंह धामीका हकमाः**भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिम झुठा बिल बनाई भुक्तानी दिने कसुर गरेको देखिदा निज प्रतिवादी राजेन्द्र सिंह धामीलाई आ.व. २०७५/७६ बढी भुक्तानी दिएको रु. १४,७२,२८३।४३ (अक्षरेपी चौध लाख बहत्तर हजार दुई सय त्रियासी रुपैयाँ र पैसा त्रिचालिस मात्र) सरकारी हानी नोक्सानीको बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९को दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी सोही दफा बमोजिम बिगो रकम असुल उपर हुन मागदाबी लिइएको । **प्रतिवादी दिपक सिंह बिष्टका हकमाः**भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिम झुठा बिल बनाई भुक्तानी दिने कसुर गरेको देखिदा निज प्रतिवादी दिपक सिंह बिष्टलाई बढी भुक्तानी दिएको रु. २६,०२,५५६।११ (अक्षरेपी छब्बिस लाख दुई हजार पाँच सय	प्रतिवादीहरुले अनुसन्धान अधिकारी तथा अदालत समक्ष इन्कार रही बयान गरेको । कार्यसम्पन्न भइसकेको तीन वर्षपछि गरेको स्थलगत निरीक्षणमा पहाडी क्षेत्रको भिरालो सतहमा लामो समयको झरी वर्षाका कारण बाढी पहिरो गएर बनेको निर्मित संरचना उही रुपमा हुन नसक्ने देखिएको ।	• प्रतिवादी सुरेन्द्रबहादुरविष्ट शैल्यशिखर नगरपालिकाका निमित्तप्रमुख प्रशासकीयअधिकृतका रुपमा रहँदा सार्वजनिक खर्चको मितव्ययितामा अभिभावकीय भूमिका निर्वाह गर्नु पर्नेमा निजले आ.व. २०७४/७५ र आ.व. २०७५/७६ मा संचालित पनेबाज बन्तोली बगौरा सडक खन्ने कार्यमा फिल्डको वास्तविक तथ्य बँग्याई कटिङ गर्दा बढी दररेट रहेको Hard Rock को परिमाण अस्वाभाविक रुपमा बढी मूल्याङ्कन गरी नापी किताबमा चढाई हस्ताक्षर गरी निर्माणस्थलमा भए गरेको कार्य भन्दा बढी तथा साईटमा नगरे नगराएको परिमाणको झुठा बिल भर्पाई तथा कार्यसम्पन्न प्रतिवेदन स्वीकृत गरी बढी भुक्तानी दिएको तथ्य मिसिल संलग्न प्राविधिक प्रतिवेदन, घटनास्थल मुचुल्का, वादी नेपाल सरकारका साक्षीहरुको बकपत्र समेतबाट देखिन्छ । उक्त नगरपालिकाका ईन्जिनियर प्रतिवादी सन्तोष पाण्डेयले आ.व. २०७४/७५ मा संचालित पनेबाज बन्तोली बगौरा सडक खन्ने कार्यमा फिल्डको वास्तविक तथ्य बँग्याई कटिङ गर्दा बढी दररेट रहेको Hard Rock को परिमाण अस्वभाविक रुपमा बढी मूल्याङ्कन गरी नापी किताबमा चढाई हस्ताक्षर सहित सहमती जनाई निर्माणस्थलमा भए गरेको कार्य भन्दा बढी तथा साईटमा नगरे नगराएको परिमाणको झुठा बिल भर्पाई तथा कार्यसम्पन्न प्रतिवेदन बनाएको पाइन्छ ।नगरपालिकाका तत्कालिन ईन्जिनियर राजेन्द्र सिंह धामीले आ.व. २०७५/७६ मा संचालित पनेबाज बन्तोली बगौरा सडक खन्ने कार्यमा फिल्डको वास्तविक तथ्य बँग्याई कटिङ गर्दा बढी दररेट लाग्ने Hard Rock को परिमाण अस्वभाविक रुपमा बढी मूल्याङ्कन गरी नापी किताबमा चढाई हस्ताक्षर सहित सहमती जनाई निर्माणस्थलमा भए गरेको कार्य भन्दा बढी तथा साईटमा नगरे नगराएको परिमाणको झुठा बिल भर्पाई बनाएको तथा सब-ईन्जिनियर दिपक सिंह बिष्टले आ.व. २०७४/७५ र आ.व. २०७५/७६ मा संचालित पनेबाज बन्तोली बगौरा सडक खन्ने कार्यमा फिल्डको वास्तविक तथ्य बँग्याई कटिङ गर्दा बढी दररेट रहेको Hard Rock को परिमाण अस्वभाविक रुपमा बढी मूल्याङ्कन गरी नापी किताबमा चढाई हस्ताक्षर गरी निर्माणस्थलमा भए गरेको कार्य भन्दा बढी तथा साईटमा नगरे नगराएको परिमाणको झुठा बिल भर्पाई तथा कार्यसम्पन्न प्रतिवेदन बनाएको कार्य प्रथम दृष्टिमै कानुन विपरीत देखिएको अवस्थामा प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ । • त्यस्तै शैल्यशिखर नगरपालिका पनेबाज बन्तोली बगौरा सडक निर्माण उपभोक्ता समितिका अध्यक्ष जनक राज जोशी, सचिव धनन्जय जोशी तथा कोषाध्यक्ष जानकी बडू जोशीले आ.व. २०७४/७५ र आ.व. २०७५/७६ मा संचालित पनेबाज बन्तोली बगौरा सडक खन्ने कार्यमा फिल्डको वास्तविक तथ्य बँग्याई कटिङ गर्दा बढी दररेट रहेको Hard Rock को परिमाण अस्वभाविक रुपमा बढी मूल्याङ्कन गर्न लगाई निर्माणस्थलमा भए गरेको कार्य भन्दा बढी तथा साईटमा नगरे नगराएको परिमाणको कार्यको मूल्याङ्कन गराई भुक्तानी बढीको भुक्तानी लिएको देखिन्छ । उल्लिखित सडक खन्डमा मुख्य गरी ट्रयाक खन्ने (माटो तथा चट्टान काटने) कार्य रहेकोमा नगरपालिकाले आ.व. ७४/७५ मा चेनेज ०+०००-१+३५०; १३०० मिटरमा नापी

			छपन्न रुपैयाँ र पैसा एघार मात्र) सरकारी हानी नोक्सानीको बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९को दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी सोही दफा बमोजिम बिगो रकम असुल उपर हुन मागदाबी लिइएको । **प्रतिवादीहरु जनक राज जोशी,धनन्जय जोशी तथा जानकी बडु जोशीका हकमा:**भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको देखिदा निज प्रतिवादी जनक राज जोशी, धनन्जय जोशी तथा जानकी बडू जोशी लाई निजहरुले बढी भुक्तानी लिएको रकम रु. २६,०२,५५६।११ (अक्षरेपी छब्बिस लाख दुई हजार पाँच सय छपन्न रुपैयाँ र पैसा एघार मात्र) सरकारी हानी नोक्सानीको बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९को दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी सोही दफा बमोजिम बिगो रकम समेत जफत हुन मागदाबी लिइएको । **अदालतको फैसला** प्रतिवादीहरुले आरोप दावीबाट सफाई पाउने गरी फैसला भएको ।		किताब (भ्यालुएशन फर्म) र पहिलो तथा अन्तिम बिल अनुसार Soft Soil, Hard Soil, Soft/Medium Rock, Hard rock परिमाण क्रमशः ३७६.८० घ.मि., १७५९.७३ घ.मि., ३७०३.८३ घ.मि., र ७९७१ घ.मि. मूल्याङ्कन गरी नापीमा चढाई सोही अनुरुप भुक्तानी गरेको देखियो। त्यसै गरी आ.व. ७५/७६ मा चेनेज १+१३००-२+४५०; ११५० मिटरमा नगरपालिकाको नापी किताब (भ्यालुएशन फर्म) र पहिलो तथा अन्तिम बिल अनुसार All Type of Soil, Ordinary Rock, Hard Rock को परिमाण क्रमशः ३५८७.८४ घ.मि., ३७६८.१८ घ.मि.,२६५६.९४ घ.मि. मूल्याङ्कन गरी नापीमा चढाई सोही अनुरुप भुक्तानी गरेको देखियो। अनुसन्धानको क्रममा स्थलगत अनुगमन गरी ईन्जिनियर रामाशिष साहसमेतले मिति २०७६।०८।१६ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कञ्चनपुर समक्ष पेश गरेको फिल्ड प्रतिवेदनबाट निर्माण कार्यको लागत अनुमान तथा मूल्याङ्कनमा कडा चट्टानको निकै नै बढी प्रतिशत कायम गरी भुक्तानी भएको तर फिल्डमा सो अवस्था नरहेको भन्ने देखिन्छ भने स्थलगत नापजाँच गरी प्रतिवेदन गर्ने रमाशिष साह, केशवराज जोशी, इन्द्रराज जोशी समेतले अदालतमा बकपत्र गर्दा समेत स्थलगत प्रतिवेदनलाई पुष्टि हुने गरी बकपत्र गरेको देखँदा प्रतिवेदकहरुले अदातलमा गरेको बकपत्रलाई प्रमाण ऐन, २०३१ दफँ १८ बमोजिम Evidence Examined Through Affidavit को रुपमा अदालतले Admissible गर्नुपर्नेमा त्यस्तो प्रमाणलाई ग्रहण नगरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदाबदरभागी छ । • प्रतिवादीहरुको इन्कारी बयान आफैंमा प्रमाण बन्न् सक्दैन, त्यसलाई स्वतन्त्र प्रमाणले पुष्टि र समर्थन (Corroborate)गरेको हुनुपर्छ । यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतले झल्ला भन्ने ओशाद खाँ वि. नेपाल सरकार भएको मुद्दामा "कुनै अभियोग लागेको अभियुक्तले कसुर सम्बन्धी कुरामा साबिती भएको वा इन्कारी गरेको निजको कथनले मात्र निजको पक्ष वा विपक्षमा स्वतः प्रमाणको स्थान ग्रहण गर्न सक्दैन बरु सो साबिती वा इन्कारी बयानलाई कुनै आधारभूत, तथ्यपरक, वस्तुनिष्ठ एवम् निश्चयात्मक प्रमाणबाट समर्थित गराउनुपर्ने" (नेकाप २०७७, अंक ७, निनं. १०५४१) भन्ने सिद्धान्त समेत प्रतिपादन भएको अवस्था समेतलाई अनदेखा गरी प्रतिवादीहरुले इन्कारी बयान गरेकै आधारमा कसुरबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिँदा बदरभागी छ । अतः उल्लिखित आधार् कारण तथा न्यायिक सिद्धान्त समेतका आधारमा प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा निज प्रतिवादी सुरेन्द्र बहादुर विष्ट, सन्तोष पाण्डेय, राजेन्द्र सिंह धामी, दिपक सिंह विष्ट, जनक राज जोशी, धनन्जय जोशी, जानकी बडू जोशीलाई आरोप मागदाबी बमोजिम सजाय हुन सम्मानित अदालत समक्ष अनुरोध छ ।